# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
## कोशी प्रदेश, नेपाल

प.सं. : २०८१/०८२
चलानी नम्बर:

मिति : २०८१/०५/०७

विषय : **बैठकको निर्णय सार्वजनिक सम्बन्धमा ।**

यो जोसँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा निम्न मितिमा सम्पन्न यस गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु सर्वसाधारण सबैको जानकारीको लागि तपसिलबमोजिम सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| बैठक संख्या- ३ | बैठक मिति- २०८१/०५/०७ |
|---|---|
| सि.नं. | निर्णय व्यहोरा |
| १ | गौरीगञ्ज गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सर्वसम्मत रुपमा पारित गर्ने । |
| २ | गौरीगञ्ज गाउँपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने सूचिकृत साझेदार संस्थासँग आवश्यक परामर्श तथा अन्तर्क्रिया गरी आगामी बैठकमा निष्कर्षमा पुग्ने । |
| ३ | विविध सम्बन्धमा देहायबमोजिम गर्ने : |
| ३.१ | यस गाउँपालिकाअन्तर्गत सञ्चालनमा रहेका व्यवसाय/कम्पनी/फर्महरुलाई नियमानुसार करको दायरामा ल्याउन र यस गाउँपालिकाको व्यवसाय करसम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा (४) बमोजिम व्यवसायिक करदाताको लगत अध्यावधिक गर्ने प्रयोजनको लागि गौरीगञ्ज गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम छुट सुविधासहित नयाँ दर्ता तथा नवीकरणको कार्य अभियानको रुपमा सञ्चालन गर्ने । |
| ३.२ | गौरीगञ्ज गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ को अनुसूची- ५ बमोजिम देहायबमोजिमको फर्मलाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत उपलब्ध गराउने । |

तपसिल

| सि.नं. | निर्माण व्यवसायको नाम | प्रोप्राइटरको नाम | व्यवसाय रहेको ठेगाना | व्यवसायको वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १ | जय सन्तोषी माँ निर्माण सेवा | शरद कुमार ठाकुर | गौरीगञ्ज- २, कोरोबारी, झापा | "घ" वर्ग | |

खेमराज थापा
मुख्य प्रशासकीय अधिकृत

प.सं. : २०८१/०८२

चलानी नम्बर:

मिति : २०८१/०५/०७

| | |
|---|---|
| ३.३ | गौरीगञ्ज गाउँपालिका वडा नं. १ स्थित श्री रामजानकी आधारभूत विद्यालयमा प्रदेश स्वयंसेवक शिक्षकको लागि २०८१ असार मसान्तसम्म प्रदेश सरकारबाट पारिश्रमिक अनुदान प्राप्त भएको तर चालु आ.व.मा उक्त अनुदान प्राप्त हुने यकिन नभएको हुँदा २०८१ साउनदेखि पुस महिनासम्म ६ महिनाको पारिश्रमिक गाउँपालिकाबाट व्यहोर्ने । |
| ३.४ | यस गाउँपालिकाअन्तर्गतको स्थानीय विपद सहायता कक्ष (LDHD) को व्यवस्थापनको लागि खरीद गरिएका आवश्यक विपद् सामाग्रीको भुक्तानी बाँकी रकम निकासा दिने । |

०८१।५।६

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत